# धितो सुरक्षण मूल्याङ्कनकर्ता (Valuator) सूचीकृत गर्ने सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति : २०८२/०९/०७)**

यस धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेडको विभिन्न जिल्लामा सञ्चालनमा रहेका ५८ वटा शाखा कार्यालयहरुको लघुउद्यम धितो कर्जा लगानी गर्दा धितो सुरक्षण (घर-जग्गा, परियोजना आदि) को मूल्याङ्कन कार्य गर्नका लागि मूल्याङ्कनकर्ताहरु सूचीकृत गर्नुपर्ने भएकोले उक्त प्रयोजनका लागि सम्बन्धित विषयको सेवा प्रदान गर्न स्वीकृति प्राप्त गरेका इच्छुक योग्यता पुगेका रजिष्टर्ड फर्म/कम्पनीहरुले आफुले सेवा प्रवाह गर्ने जिल्ला एवं सेवाको विवरण खुलाई फर्म/कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा/मुल्य अभिवृद्धि कर (PAN/VAT) दर्ता प्रमाणपत्र र आ.व. २०८१/२०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहितको आवेदन सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा दर्ता गराउनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. न्यूनतम कुनै २ वटा बैंक तथा वित्तीय संस्थामा सूचीकृत भई कम्तीमा २ वर्षको मूल्याङ्कन सम्बन्धी कार्य अनुभव भएको हुनुपर्नेछ ।
२. आवेदन दिने इच्छुक फर्म/कम्पनीमा न्यूनतम १ जना Civil/ Mechanical Engineer हुनुपर्नेछ ।
३. फर्म/कम्पनीसँग आवश्यक पूर्वाधार र सक्षम जनशक्ति हुनु पर्नेछ ।
४. फर्म/कम्पनी कालो सूचीमा नरहेको तथा प्रचलित कानूनको उल्लङ्घन नगरेको हुनुपर्नेछ ।
५. शाखा कार्यालयहरु रहेकै जिल्लाहरुमा काम गरिरहेका फर्म/कम्पनीहरुलाई सोही जिल्लामा सूचीकृत गर्नको लागि प्राथमिकता दिइनेछ ।
६. उल्लेखित समयावधि भित्र पेश भएका आवेदनहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा निहित रहनेछ ।
७. वित्तीय संस्थाको संचालनमा रहेका शाखा कार्यालयहरुको विवरण तथा लोकेशन संस्थाको वेभसाईट https://dhaulagiribank.com/branch-networks/ बाट हेर्न सकिन्छ ।
८. छनौट सूचीमा परेका उम्मेदवारहरुले यस “धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड” को नाममा रहेको सिर्द्धाथ बैंक लिमिटेड खाता ०३५१५०३४१०३ मा आवेदन दस्तुर रु. ५००/- जम्मा गर्नु पर्नेछ ।
९. मूल्याङ्कन कार्यको पारिश्रमिक, मूल्याङ्कन रिर्पोट सम्बन्धमा दुई पक्ष बीच भएको सम्झौता बमोजिम हुनेछ ।
१०. इच्छुक योग्यता पुगेका रजिष्टर्ड फर्म/कम्पनीहरुले माथि उल्लेखित कागजातहरु नजिकको शाखा कार्यालय वा इमेल infodesk@dhaulagiribank.com मा पेश गर्न सकिनेछ ।

**नोट**: थप जानकारीको लागि यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय बाग्लुङ (फोन न.०६८- ५२०९०५, ५२४३५१) मा सम्पर्क राख्न सक्नु हुनेछ ।

कम्पनी दर्ता:- १९२७८३/०७४/०७५ ने.रा.बैंक/इ.प्रा./“घ”/८५/०७५/०७६

**धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड**
**DHAULAGIRI LAGHUBITTA BITTIYA SANSTHA LIMITED**
“नेपाल राष्ट्र बैंकबाट ‘घ’ वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था राष्ट्रियस्तर कार्यक्षेत्र भएको”
**केन्द्रिय कार्यालय: बागलुङ नगरपालिका -२, श्रीनगरटोल, बागलुङ**
फोन : ०६८-५२०९०५/५२४३५१
www.dhaulagiribank.com, Email: infodesk@dhaulagiribank.com
(धौलागिरी लघुवित वितीय संस्था लिमिटेडले खप्तड लघुवित वितीय संस्थालाई गाभेको)